# गौरीगङ्गा राजपत्र


गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ८ चौमाला, कैलाली मंसिर ०७ गते, शुक्रबार २०८१ साल, (संख्या ७)


## <u>करार खेती प्रवर्द्धन कार्यविधि, २०८१ (पहिलो संसोधन)</u>

**नगर कार्यपालिकाबाट स्विकृत मितिः २०८१।०८।०७**

**प्रमाणिकरण मितिः २०८१।०८।०७**

**<u>प्रस्तावनाः</u>** गौरीगङ्गा नगरपालिका,कैलाली भित्र हाल बसोबास गरी रहेका खेती गर्न चाहने भूमिहीन, मुक्त हलिया, मुक्त कमैया, मुक्त कमलहरी,द्वन्द्व पीडित र विस्थापित,साना किसान,गरिब, एकल महिला, शहीद परिवार,युवा र न्यून आय भएका कृषकहरु तथा <u>लक्षित वर्गहरुलाई प्राथमिकतामा राखी सबै वर्गका कृषकहरुलाई</u> [1]आय मूलक खेती गर्न प्रोत्साहन गरी उनीहरुको आय स्तर बढाउने तथा उपयोग नभएका खेती योग्य जमिनलाई कृषि उत्पादनमा प्रयोग गरी/गराई कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि र रोजगारी सिर्जना गर्न करार खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले,

गौरीगङ्गा नगरपालिकाको कृषि तथा पशु पन्छी ऐन २०७८ को दफा ६४ र गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी करार खेती प्रवर्द्धन कार्यविधि, २०८० तयार गरिएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** १) यो कार्यविधिको नाम करार खेती प्रवर्द्धन कार्यविधि,२०८० रहनेछ ।

२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

---
[1] पहिलो संसोधनद्धारा थप गरिएको ।

क) "करार खेती" भन्नाले खेती योग्य निजि जग्गा, सरकारी प्रर्ती जग्गा, गुठी, शैक्षिक सँस्था, संघ संस्थाको जग्गा र नदि वा खोलाले कटान गरेको तर हाल कृषि कार्यमा प्रयोग नभएको उर्वर जमिनलाई नगरपालिकाले जग्गा धनी वा स्वामित्व रहेका व्यक्तिबाट भाडामा लिई खेति गर्न इच्छुक संस्था,समूह,समूहका सदस्यहरु,व्यक्ति सँग सम्झौता वा कबुलियतनामा गरी उपलब्ध गराउने वा भाडामा लिई खेति गर्न इच्छुक संस्था,समूह,समूहका सदस्यहरु, व्यक्तिले जग्गा धनिसंग सम्झौता गरी नगरपालिकामा पेश गरेको कागजातका आधारमा नगरपालिकाले जग्गा भाडा र कृषि कार्यका लागि चाहिने अन्य सहयोग उपलब्ध गराउने गरी कृषि बालिहरुको उत्पादनमा प्रयोग गर्ने भन्ने सम्झनुपर्दछ ।

ख) "सरकारी प्रर्ती जग्गा" भन्नाले सरकारको स्वामित्वमा रहेको जङ्गल, बाटो, कुलो तथा अन्य सार्वजनिक र प्रयोगमा नआएका वा नल्याइएका जग्गालाई सम्झनु पर्दछ ।

ग) "खेती योग्य जमिन "भन्नाले खेति गर्न सकिने र कृषि उत्पादन दिन सक्ने व्यक्तिगत,संस्थागत वा सरकारी प्रर्ती जग्गा र प्रचलित कानुन बमोजिम कृषि कार्यको लागि निर्धारण गरिएको भूमिलाई सम्झनु पर्दछ ।

घ) "बगर" भन्नाले नदी वा खोला किनाराको विगतमा बाढी र डुबान भएको वा हुन सक्ने सरकारको स्वामित्वमा रहेको जमिनलाई जनाउँदछ ।

ङ) "खेती" भन्नाले तरकारी अन्न बाली , नगदे बाली, फलफूल ,जडिबुटि खेतीलाई जनाउँदछ ।

च) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप करार खेती गर्न नगरपालिकाले प्रदान गर्ने जग्गाको भाडा रकम र बीउ विजन, सिँचाई, कृषि औजार, प्रविधि, टनेल, तालिम वा सोको लागि आवश्यक रकम सम्झनु पर्दछ ।

छ) "आवेदक" भन्नाले करार खेतीका लागि अनुदान प्राप्त गर्न नगरपालिका समक्ष आवेदन दिएका संस्था, व्यक्ति र समूह समूहहरुका सदस्यहरु समेतलाई जनाउँदछ ।

ज) "कृषक" भन्नाले करार खेती गर्न छनोट भएका आवेदक लाई जनाउँदछ ।

झ) "समूह" भन्नाले स्थानिय स्तरमा गठन भएर नगरपालिकामा दर्ता भएका कृषक समूहलाई सम्झनु पर्दछ ।

ञ) "नगरपालिका" भन्नाले गौरीगङ्गा नगरपालिका, कैलाली सम्झनु पर्दछ ।

ट) "ऐन" भन्नाले गौरीगङ्गा नगरपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८ सम्झनु पर्दछ ।

ठ) "भाडा" भन्नाले जग्गाको प्रकार र कृषि जमिनमा भएको सुविधाका आधारमा करार खेतीका लागि सम्झौता बमोजिमको जग्गा धनीले प्राप्त गर्ने रकम सम्झनु पर्दछ ।

ड) "समिति" भन्नाले यस कार्यविधिको दफा ८(१) बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

**३.कार्यक्रम सञ्चालनका उद्देश्यहरु:** कार्यक्रम देहायको उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिनेछ ।

क) भूमिहीन,मुक्त हलिया, मुक्त कमैया , मुक्त कमलहरी,द्वन्द्व पीडित र विस्थापित, शहिद परिवार, गरिब,युवा,एकल महिला र न्यून आय भएका कृषकहरु सहित न्युनतम १० कठ्ठा भन्दा कम जग्गा भएका सबै वर्गका कृषकहरुलाई [2]कृषि उत्पादनमा संलग्न गराई खाद्य सुरक्षा प्रवर्द्धन,आय आर्जनामा वृद्धि गर्ने, रोजगारीको सिर्जना गर्ने र कृषि उत्पादन एवम उत्पादकत्वोमा वृद्धि गर्ने।

ख) खेती गर्ने सोच भएका तर खेती गर्ने जग्गा जमिन नभएका व्यक्ति र समूहहरुलाई हाल बाझो रहेको जग्गा वा सरकारी प्रर्ती, नदी, खोला किनाराको जग्गा वा व्यक्तिगत तर प्रयोगमा नआएको जग्गा भाडामा दिन चाहाने खेती योग्य जमिनलाई कृषि कार्यमा उपयोग गर्न भाडामा लिई जमिनको करारनामा गराई कृषिलाई प्रोत्साहान गर्ने र कृषि बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

४.) **कार्यक्रम सञ्चालन तथा सहकार्य:**

१. यो करार खेती प्रवर्द्धन कार्यक्रम नगरपालिकाबाट विनियोजित वजेटको परिधिमा रहि नगरपालिका भरी वा तोकिएका स्थानमा सञ्चालन गरिनेछ तर पहिलो वर्ष कुनै निश्चित वडा वा कुनै एक टोलमा लक्षित गरि यो कार्यक्रम परिक्षणका रुपमा सञ्चालन गरिनेछ र सो सञ्चालित परीक्षण कार्यक्रमको प्रभावकारीता अध्ययन गरी बजेटको सुनिश्चिताका साथ विस्तार गर्न सकिनेछ ।

२. करार खेती प्रवर्द्धन कार्यक्रमको योजना निर्माण र कार्यन्वयनमा गैर सरकारी संस्था, समूह तथा सरोकारवाला निकायहरु संग सहकार्य गर्न सकिने छ ।

३. करार खेती प्रवद्धन कार्यक्रमको योजना निर्माण र कार्यान्वयनमा गैरसरकारी संस्था, समूह तथा सरोकारवाला निकायहरुसँग सहकार्य गर्न सकिने छ ।

४. यो करार खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दा नगरपालिकामा कार्यरत गैर सरकारी संस्था मार्फत पनि सञ्चालन गर्न सकिने छ

५) **जमिनको छनोट:**

१. नगरपालिकाभित्र रहेका जग्गा धनीहरुलाई आफ्नो जग्गा भाडामा दिन चाहाने जग्गा धनीलाई भाडा अवधि, भाडा दर, प्रति विगाहा र जग्गाको किसिम खुलाई निवेदन पेश गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने वा कुनै जग्गा धनीले जग्गा भाडामा दिन प्रकाशित सूचनाबाट जग्गा भाडामा प्राप्त गर्न सकिने छ।समूहले सम्झौता गरि ल्याएमा कार्यपालिकाको बैठकबाट पारित गरी सोही जग्गा करार खेतीका लागि छनोट गर्न सकिनेछ ।

[2] पहिलो संसोधनद्धारा थप गरिएको ।

२. प्रकाशित सूचनाबाट प्राप्त निवेदनलाई समितिले अध्ययन गरी सो वर्षका लागि उपयूक्त जग्गा क्षेत्रफल, स्थान आदि खुलाई सिफारिस गर्ने ।

३. उपदफा २ बमोजिम सिफारिस भएको जग्गा भाडामा लिने र बाकि निवेदनहरुको विवरण नगरपालिकाको भूमि बैंक लगतका रुपमा सुरक्षित राखिनेछ र अन्य सरोकारवाला निकायलाई प्राथामिकतामा आधारमा सिफारिस गर्न सकिने छ ।

४. जग्गा भाडामा लिदा कम्तीमा १ (एक) विगाहा क्षेत्रफल हुने गरी एक वा सो भन्दा बढी जग्गा धनीहरुको साध सिमाना मिलेको र कम्तीमा ५ बर्षका लागि करार सम्झौता गर्न सकिने हुनु पर्नेछ ।

५. उपदफा ४ बमोजिम करार सम्झौता गर्दा प्रति विगाह १ वर्षका लागि रु ४० हजार भन्दा बढी भाडा दर कायम गर्न पाईने छैन। सम्झौता भएको जमिनको प्रत्येक २ बर्षमा अधिकतम १० प्रतिशतका दरले भाडा बढाउन सकिने छ ।

६. समितिले भाडा दर निर्धारण गर्दा जग्गाको उर्वरता सिँचाईको र यातायात आदिको सुबिधालाई आधार मान्नु पर्ने छ ।

**६) <u>कृषकको छनौटः</u>**

१. करार खेतीका लागि कृषक छनौट गर्दा नगरपालिकाले विनियोजित बजेटका आधारमा कुन क्षेत्रमा कति बिगाह जमिन भाडामा लिई कार्यक्रम सञ्चालन गर्ने भन्ने विषयमा कार्यपालिकाले निर्णय गर्नु पर्ने छ ।

२. कार्यपालिकाको निर्णय बमोजिम ईच्छुक व्यक्ति, समूह, संस्थालाई कार्ययोजना सहित प्रस्ताव पेस गर्न १५ दिने सूचना प्रकाशन गरिनेछ वा ईच्छुक व्यक्ति,समूह, संस्थाले नगरपालिकामा पेस गरेका निवेदन हरुको मूल्याङ्कन गरिने छ ।

३. उपदफ २ बमोजिम प्रकाशित सूचनाका आधारमा प्राप्त निवेदन वा ईच्छुक व्यक्ति समूह संस्थाले नगरपालिकामा पेस गरेका निवेदनहरु मूल्याङ्कन गरी भुमिहिन, मुक्त हलिया, मुक्त कमैया, मुक्त कमलहरी, द्वन्द्व पिडित, विस्थापित, सहिद परिवार, गरिब,यूवा,एकल महिला र न्यून आय भएका २(दुई कट्ठा) भन्दा कम जग्गा भएका कृषकलाई मात्र समितिले कार्यपालिकाले तोकेको मापदण्ड र सीमाका आधारमा व्यक्ति संस्था समूहलाई चयन गरी सिफारिस गर्नु पर्नेछ ।

४. जग्गा भाडा सम्बन्धमा किसान, नगरपालिका र जग्गा धनी बिचको त्रिपक्षीय सम्झौता गरिनेछ।

**७) <u>कृषकहरुलाई प्राप्त हुने अनुदानः</u>**

१. दफा ६ बमोजिम छनोट भएका कृषकले कार्यपालिकाले तोके बमोजिमको जग्गामा तरकारी नगदे बाली मौसमी बाली लगाउनु पर्ने छ र सो प्रयगो गरिरहेको जमिनको भाडा रकमा तपसिल बमोजिम नगरपालिकाले अनुदान प्रदान गर्नेछ ।

| क्र.सं. | नगरपालिकाले तिर्ने भाडा प्रतिशत | किसानले तिर्ने भाडा प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|
| पहिलो वर्ष | १०० | ० | १०० |
| दोस्रो वर्ष | ९० | १० | १०० |
| तेस्रो वर्ष | ७५ | २५ | १०० |
| चौथो वर्ष | ६० | ४० | १०० |
| पाँचौ वर्ष | ५० | ५० | १०० |

२. नगरपालिकाले विशेष अनुदान वा लागत साझेदारीमा किसानलाई आवश्यक मेसिनरी औजार, प्रविधि सहयोग,बिउँ, सिचाई लगायतका सेवा सुविधा प्रदान गर्ने सक्ने छ ।

३. नगरपालिकाले कृषि क्षेत्रमा सहकार्य गर्न चाहाने संघ संस्था प्रदेश सरकार संघिय सरकारको कार्यक्रम दोहोरो नपर्ने गरि करार खेति कार्यक्रम समाहित गरि विशेष प्रथामिकता प्रदान गरिनेछ ।

४. करार खेती गर्न चयन भएका किसानहरुले अनूसूचि -१ बमोजिमको प्रतिवद्धता गरि नगरपालिकालाई बुझाउनु पर्नेछ ।

८) **करार खेती प्रवर्द्धन समितिः**

१. ऐनको दफा १३ बमोजिम गठित तपसिल बमोजिमको कृषि भूमि व्यवस्थापन समिति रहनेछ ।

क) नगर प्रमुख — अध्यक्ष

ख) आर्थिक विकास समिति संयोजक — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) नगरस्तरीय कृषक समूह महासघंका अध्यक्ष वा प्रतिनिधि एक जना — सदस्य

ङ) नगरस्तरीय भूमिअधिकार मञ्चका अध्यक्ष वा प्रतिनिधि एक जना — सदस्य

च) कृषि सम्बन्धी स्थानीय विज्ञहरुबाट समितिले मनोनित गरेको दुई जना — सदस्य

छ) कृषि सहकारी संस्थाहरुले छनौट गरेको प्रतिनिधि एक जना — सदस्य

ज) यस समितिले मनोनयन गरेका महिला कृषि उद्यमीहरुबाट एक जना,

झ) व्यावसायिक किसान मध्ये एक जना,आदिवासी जनजाति किसान मध्ये एकजना र दलित किसान मध्ये एक जना गरी जम्मा चार जना — सदस्य

ञ) कृषि तथा पशुपन्छी सेवा सम्बन्धी शाखा हेर्ने शाखा प्रमुख — सदस्य सचिव

२. समितिले आवश्यकता अनुसार कृषि सम्बन्धी विज्ञ तथा सम्बन्धी निकाय,सङ्ग संस्थाका प्रतिनिधि र अन्य सरोकारवाला व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३. समितिले यस कार्यविधि बमोजिम भाडामा लिने जग्गा तथा कृषक प्राथमिकताक्रम सहित चयन गरी सिफारिस गर्नेछ ।

४. समितिले करार खेतीको अनुगमन मूल्याङ्कन तथा वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेस गर्नु पर्नेछ।

५. समितिले सेवा सुविधा कार्यपालिकाको बैठक सञ्चालन कार्यविधि बमोजिम हुनेछ ।

**९) जमिनको उपयोग तथा हस्तान्तरणः**

१. चयन भएका कृषकले कम्तीमा ५ वर्ष सम्म सो जग्गामा कृषि जन्य बस्तु उत्पादन गरी आत्म निर्भर बन्नु पर्नेछ ।

२. कुनै कारणवश कृषकले भाडामा लिएको जग्गामा खेती गर्न नसक्ने भएमा सो को कारण सहित नगरपालिकामा लिखित रुपमा ३ महिना अगाडी जानकारी गराउनु पर्नेछ सो नगराई छोडेमा भाडामा प्राप्त गरेको छुट र अन्य अनुदान निजबाट असुल उपर गरिनेछ ।

३. नगरपालिकालाई लिखित रुपमा जानकारी गराई समितिले अध्ययन गर्दा उपयुक्त लागेमा भाडामा दिएको अनुदान मिनाहा गर्ने र नगरपालिकाबाट प्राप्त गरेका मेसिनरी सामान बुझी सम्झौता रद्द गर्न सकिनेछ ।

४. भाडामा लिएको जग्गामा सम्झौतामा उल्लेखित प्रयोजन बाहेक अन्य कार्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन सो कार्य गरेमा वा जग्गाको आकार परिवर्तन गरी उर्वराशक्ति ह्रास लगायतका कार्य गरेमा जग्गालाई पूर्व अवस्थामा ल्याउनु पर्नेछ सो हुन वा गर्न नसकेमा सोको मूल्याङ्कन गरी जग्गा धनीलाई किसानले क्षतिपूर्ति दिनु पर्नेछ ।

५. किसानले अनिवार्य रुपमा बाली बिमा गराउनु पर्नेछ ।

**१०) अनुगमन तथा मूल्याङ्कनः**

१. करार खेतीको अनुगमन आवश्यकता अनुसार समिति र कार्यपालिकाले जुनसुकै वेला पनि गर्न सक्नेछ ।

२. उपदफा(१) बमोजिम भएको अनुगमन टोलीले कृषकलाई आवश्यक निर्देशन दिन सक्ने छ र सो निर्देशन पालना गर्नु सम्बन्धित कृषकको कर्तव्य हुनेछ ।

**११.प्रोत्साहन तथा सम्मानः**

१. नगरपालिकासंग भएको पाँच वर्षे सम्झौता अवधि पुरा गरी कृषिजन्य बस्तु उत्पादन स्वरोजगार, आयआर्जन गरी आत्मनिर्भर भएका किसानलाई सम्मान तथा पुरस्कृत गर्न सकिनेछ ।

२. प्रोत्साहन तथा सम्मानको लागि समितिले कार्यपालिकाबाट स्वीकृत मापदण्डका आधारमा सम्मानका लागि सिफारिस गर्न सक्नेछ ।

**१२) कानुनी सहायताः** नगरपालिका कृषक र जग्गा धनीका बिच भएको भाडा सम्झौता विपरीत कार्य कुनै पक्षले गरेमा मर्का पर्ने पक्ष कानुन बमोजिम सम्बन्धित निकायमा गई कानुनी सहायता लिन सक्नेछ ।

**१३) कारबाहीको व्यवस्थाः** नगरपालिकाले करार खेती कार्यक्रम सञ्चालनमा लिएको उद्देश्य विपरीत कार्य गरेमा वा कृषकले गरेको प्रतिबद्धता विपरीत कार्य गरेमा वा नगरपालिकाबाट प्राप्त अनुदानको गलत प्रयोग गरेमा नगरपालिकाले उचित सफाइको मौका दिई असुल उपर गर्न सक्नेछ ।

**१४) बाधा अड्चन र निरुपणः**

१. यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरुपण नगर कार्यपालिकाले गर्नेछ ।
२. यो कार्यविधि नगरपालिकाले आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।
३. यस कार्यविधिमा समावेश भएका कुराहरु यसै बमोजिम र समावेश नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

गौरीगंगा राजपत्र

## अनुसूची – १

## प्रतिबद्धता पत्र

गौरीगङ्गा नगरपालिका वडा नं. ................................ टोल ..................................मा .......................... बिगाहमा करार खेती गर्नका लागि मिति..............................मा करार खेती गर्ने सम्बन्धमा भएको सम्झौता बमोजिम काम गर्ने छौ र यस कार्यक्रमका लागि गरिएको सम्झौता तथा कार्यविधि अनुसारको कार्य नगरेमा पालिकाबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं अन्यथा विद्यमान ऐन कानुन बमोजिम कारबाहीको भागेदार हुन मन्जुर रहेको ब्यहोरा समेत अनुरोध गर्दछु ।

इति संवत् २० साल...................महिना....................गते रोज...................शुभम् ।

आज्ञाले
धर्मराज बिनाडी
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र